# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40 hrs 21.11.2024

---

## CM

यसै वर्ष मात्र स्वतन्त्र विभागको मान्यता पाएको सिक्किम सरकारको मत्स्यपालन विभागको तत्वावधानमा आज विश्व मत्स्यपालन दिवस पालन गरियो। राजधानीको चिन्तन भवनमा आयोजित कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह् तामाङ मुख्य अतिथिको हुनुहुन्थ्यो। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले मत्स्यपालन स्वरोजगारको असल विकल्प रहेको अनि सिक्किममा मत्यपालनमा प्रशस्त सम्भावना रहेको बताउँदै राज्य सरकारले माछापालक कृषकहरूलाई विभिन्न प्रकारले सहयोग प्रदान गरिरहेको र भविष्यमा पनि गर्ने जानकारी गराउनुभयो। मुख्यमन्त्री श्री तामाङले सरकारले राज्यका माछापालकहरूलाई पूर्ण सहयोग प्रदान गर्ने वचन दिँदै आवश्यक परे बजेटमा छुट्टै कोषसमेत आवण्टन गरिने बताउनुभयो। यसका साथै उहाले सिक्किमका माछा, विशेष गरेर ट्राउट माछाको मेला सिलगढ़ी तथा राज्य बाहिरका अन्य स्थानमा आयोजना गरिनुपर्ने सुझाउ पनि दिनुभयो। अर्कोतिर भारत सरकारको प्रधानमन्त्री मत्स्य सम्पदा योजनाले पनि राज्यमा मत्स्यपालन व्यवसायलाई बढ़ावा दिनमा महत्वपूर्ण योगदान दिइरहेको जसको कारण राज्यमा माछा उत्पादन वर्ष 2018-19-को 390 मेट्रिक टन प्रति वर्षदेखि बड़ेर वर्ष 2023-24-मा 754 मेट्रिक टन प्रति वर्ष पुगेको उहाँले जानकारी गराउनुभयो। कार्यक्रमअवधि राज्यका माछा कृषकहरूलाई प्रोत्साहित गर्न मुख्यमन्त्री मत्स्य उत्पादन योजनाअन्तर्गत 11 जना प्रगतिशिल माछापालकलाई एक-एक लाख रुपियाँको आर्थिक अनुदान प्रदान गरियो। यसको साथै मुख्यमन्त्री मत्स्य उत्पादन योजना र प्रधानमन्त्री मत्स्य सम्पदा योजनाअन्तर्गत लाभार्थिहरूलाई सहुलियतपूर्ण (सब्सिडाइस्ड) ऋण पनि प्रदान गरियो।

आज भारत सरकारका मत्स्य, पशुपालन तथा दुग्ध विकास र पञ्चायती राज राज्यमन्त्री प्रोफेसर एसपी सिंह बघेल बागडोगरा आइपुग्नु भएको छ। उहाँ 21 देखि 24 नोभेम्बरसम्म सिक्किम भ्रमणमा रहनुहुनेछ। यो अवधिमा उहाँले मंगन जिल्लाको भ्रमण गर्ने बताइएको छ।

त्यहाँ उहाँले जिल्ला प्रशासनका अधिकारीहरू र स्थानीय जनप्रतिनिधिहरूसँग अन्तर्क्रिया गर्ने कार्यक्रम रहेको छ।

## NITI AAYOG

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज राजधानी गान्तोकको चिन्तन भवनमा आयोजित विश्व मत्स्य दिवस 2024-को अवसरमा बोल्दै सिक्किममा, राज्य नीति आयोग गठन गर्ने घोषणा गर्नुभएको छ। यो आयोगमा अध्यक्षसहित सातजना सदस्यहरू रहने र उहाँहरूले क्याबिनेट स्तरको र्यायिङ्क पाउने मुख्यमन्त्रीले बताउनुभयो। यो आयोगले केन्द्र सरकारका विभिन्न योजनाहरूको कार्यान्वयन, कार्य प्रगतिमा निगरानी, तिनको प्रभावकारी कार्यान्वयनको मूल्याङ्कन, वित्तीय व्यवस्थापनमाथि निगरानी अनि केन्द्र सरकारसित जवाफदेयिता सुनिश्चित गर्ने मुख्यमन्त्री श्री तामाङले बताउनुभयो। यस बारेमा सिक्किम सरकारका मुख्य सचिवसँग आफूले कुराकानी गरिसकेको र चाँड़ैनै राज्य नीति आयोग गठन गरिने उहाँले थप बताउनुभयो। त्यसैगरी, मुख्यमन्त्रीले सिक्किमका प्रत्येक निर्वाचन क्षेत्रमा समष्टि विकास समितिको स्थापना गर्ने पनि घोषणा गर्नुभयो। यी समितिले क्षेत्र विधायकहरू र राज्य नीति आयोगसँग मिलेर आफ्ना क्षेत्रहरूको विकासका लागि योजना र ब्लुप्रिन्ट बनाउने उहाँले बताउनुभयो।

## DHARTI AAVA

धर्ती आभा जनजातीय ग्राम उत्कर्ष अभियानअन्तर्गत आज सामाजिक कल्याण विभाग, पाकिमले, पाकिम जिल्ला प्रशासनिक केन्द्र परिसरमा सामूहिक सरसफाइ अभियान सञ्चालन गर्यो। यस अभियानमा फोहोर जमेर रोग फैलिन नदिन अनि सरसफाइ र स्वास्थ्य वातावरण निर्माण गर्ने उद्देश्यले बगैंचा र बाटो सफा गर्ने, फोहोर संकलन गर्ने तथा उचित व्यवस्थापन गर्ने कार्य गरिएको थियो। यसअभियानमा पाकिमका जिल्लापाल श्री रोहन अगावने विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।

## Department of Urban Development

सिक्किम सरकारको शहरी विकास विभागले राष्ट्रिय शहरी मामिला संस्थानसित राष्ट्रिय मल फोहोर तथा सेप्टेज व्यवस्थापनको सहयोगी साझेदारको रूपमा मल फोहोर तथा सेप्टेज व्यवस्थापनका निम्ति ज्ञापन पत्रमा हस्ताक्षर गरेको छ।

सिक्किम सरकारको शहरी विकास विभागका आयुक्त एवं सचिव श्री जितेन्द्र सिंह राजे र संस्थानका निदेशक डाक्टर देबोलिना कुन्डुले सम्बन्धित पक्षको तर्फबाट दस्तावेजमा हस्ताक्षर गर्नुभयो। NIUA सँगको यो सहकार्य “पर्वत मन्थन” पहलको महत्वपूर्ण अंश हो, जसले भारतका पर्वतीय राज्यहरूको दिगो विकासमा ध्यान केन्द्रित गरेको छ। यस सहकार्यले राष्ट्रिय, राज्य र स्थानीय तहमा सरकारहरूसितको संलग्नता मार्फत समावेशी स्वच्छता, नीति विकासमा प्राथमिकता, पारस्परिक शिक्षा प्रदान गर्न र पारिस्थितिकि प्रणालीलाई सुदृढ पार्ने कार्यमा सहयोग पुऱ्याउनेछ।

## FOOTBALL

चालीसौं अखिल भारत राज्यपाल स्वर्णकप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता 2024-को दोस्रो सेमिफाइनल खेल अहिले पाल्जोर स्टेडियममा चलिरहेछ। Gangtok Himalayan Sporting Club र Chennaiyin Football Club, Chennai-बीच भइरहेको यो खेल समाचार लेखिञ्जेलसम्ममा एक-एक गोलको बराबरिमा रहेको थियो।

यस खेलको विजयी दल चौबीस नोभेम्बरमा हुने फाइनल खेलमा North East United Football Club-सित भिड़िनेछ।